# चक्रव्यूह

कवितासङ्ग्रह

चन्द्रकला नेवार

# चक्रव्यूह

(कवितासङ्ग्रह)

चन्द्रकला नेवार

प्रकाशक

वनिता प्रकाशन

# चन्द्रकला नेवार

## चक्रव्यूह


| | | |
|---|---|---|
| प्रकाशक | - | वनिता प्रकाशन |
| विधा | - | कवितासङ्ग्रह |
| सर्वाधिकार | - | रचनाकारमा सुरक्षित |
| आवरण चित्र | - | ज्ञानेश्वर उदय |
| प्रथम संस्करण | - | २०५० |
| दोस्रो संस्करण | - | २०६३ |
| प्रकाशित प्रति | - | १०० |
| मुद्रक | - | इजीटोन, बागबजार |
| कम्प्युटर सेटिङ | - | मनिका (निकी) श्रेष्ठ |
| मूल्य | - | ८५।- |
| | | US$ 4/- |
| ISBN: | - | 99946–712–5–1 |


CHAKRABEAUH
A COLLECTION OF POEMS
BY
Chandrakala Newar

# समर्पण

नेपाली भाषा आन्दोलनका
भाषा सङ्ग्रामीहरूलाई

# चक्रव्यूहको दोस्रो प्रकाशनका क्रममा

– लक्ष्मी उप्रेती

चन्द्रकला नेवार साहित्य, गीत, सङ्गीतका क्षेत्रमा चिर-परिचित नाम हो । नेपाली साहित्यको विभिन्न विधामा कलम चलाउन उत्तिकै सिद्धहस्त चन्द्रकला नेवार कला र शिल्पकारिताले साहित्यको सौन्दर्यबोध गराउँदै पाठकहरूलाई आनन्दित तुल्याउने सृजना गर्नुहुन्छ । यो उहाँको सृजनाको मुख्य विशेषता हो । कथा लेख्नुहुन्छ, सामाजिक परिवेशको सेरोफेरोलाई च्याप्प समातेर सुन्दर कला प्रस्तुत गर्दै जीवन्त सृजना गर्नुहुन्छ । गीत लेख्नुहुन्छ, सङ्गीतको धूनसँगैको सुरमा झङ्कृत हुनेखाले कविता लेख्नुहुन्छ, पाठकको मन छुँदै क्षणभरमा नै रसास्वादन गरूँगरूँ लाग्ने विषय वस्तुको चयनमा कला-कौशलले भर्नुहुन्छ। यसरी चन्द्रकला नेवार साहित्यको फराकिलो फाँटमा आफ्नै सुर र गतिमा हिँडेर सुन्दर बाटो आफैले तय गर्दै गन्तव्यतिर लाग्दै हुनुहुन्छ ।

अन्तमा यो कृति 'चक्रव्यूह' वि.सं २०५० सालमा प्रकाशित उहाँको दोस्रो कृति हो । त्यहाँदेखि यहाँसम्म आइपुग्दा उहाँ ५ कृतिका कृतिकार हुनुहुन्छ तथापि यही कृतिको अभाव पाठकले अनुभूत गरेका हुनाले हामीले दोस्रो संस्करण प्रकाशन गर्ने निधो गर्‍यौं र प्रकाशनमा ल्यायौं । पहिलो संस्करणको 'चक्रव्यूह' का काव्यिक सामग्रीलाई जस्ताको तस्तै राखेर अन्य केही थप गरी आवरणमा परिमार्जन गर्ने प्रयत्न गरेर प्रकाशन गरेका छौं । यस कृतिको दोस्रो संस्करणको अनुमति दिनु भएकामा वनिताका तर्फबाट चन्द्रकला दिदीप्रति हार्दिक आभार व्यक्त गर्दै उहाँको उन्नति र प्रगतिको कामनासहित यसपल्टलाई यति नै ।

o

# अस्मिताको खोजी र प्रश्नहरूबीच चक्रव्यूह

–शैलेन्द्र साकार

धेरै वर्ष पहिलेदेखि नै आसामकी चन्द्रकला नेवारको नामसँग म परिचित थिएँ। सायद भोजपुर वजारमा प्रवासवाट आउने साहित्यिक पत्रपत्रिकाहरूमा उहाँको नामलाई मैले धेरै पल्ट पढेको थिएँ र त्यो नामले मलाई आश्चर्यचकित पनि पारेको हुनुपर्छ। कुनै पनि नेवारले आफ्नो जातमा नेवार लेख्ने गरेको मलाई थाहा थिएन। सायद आफ्नो जातमा श्रेष्ठ, प्रधान या यस्तैयस्तै अन्य कुनै थर नलेखेर 'नेवार' भनी लेख्ने उहाँ एकमात्र कवयित्री हुनुहुन्छ भन्ने मलाई लाग्छ। जे होस् त्यो भिन्नताले भए पनि एकपल्ट सुनेपछि विर्सन गाह्रो हुन्छ त्यो नाम।

डिगवोइ आसामवाट आउनु भएका नेपाली भाषाका एक जना चर्चित गीतकार, कवि स्व. हरिभक्त कटुवाल बारम्बार उहाँको नाम लिनुहुन्थ्यो र प्रशंसा गर्नुहुन्थ्यो यद्यपि उहाँसँग साक्षात्कार हुन सकेको थिएन। संयोग के परेको छ भने आज म नै उहाँको प्रथम प्रकाशित हुन लागेको कविता-सङ्ग्रह 'चक्रव्यूह' को भूमिका लेख्न बसेको छु। यो संयोगलाई मैले निकै सकारात्मक र अर्थपूर्ण पनि मानेको छु।

'चक्रव्यूह' मा सङ्कलित ५६ वटा लघु कविताहरूलाई मैले झण्डै एकै बसाइमा पढिसिध्याएँ। आकारमा लघु भए पनि कविताले विस्तृत फलक अँगालेको, जीवन र जगत्सम्बन्धी दर्शनले खारिएको, अस्तित्वको आलो घाउबाट रन्थनिएको मैले पाएँ। नेपालमा लेखिइरहेका आजभोलिका लघु कविताहरूकै अनुहार लिएर उभिएका यी कविताहरू आफ्नै विशेषताहरूका कारणले अत्यन्त मर्मस्पर्शीसमेत लाग्छन्। संवेदनशीलताका चास्नीमा डुवाएर निकालिएका विचारका तीब्र प्रतीकझैँ लाग्छन् कयौँ कविताहरू। यो चन्द्रकला नेवारको स्वकीय गुण मान्नु पर्दछ।

उहाँको कवितामा ठोस गद्यको जलप छ यद्यपि उहाँ स्वयं एउटी ख्यातिप्राप्त गायिका पनि हुनुहुन्छ। तर कवितामा गेय तत्त्व कम पाउँदा उहाँ कवितामा कंक्रिट गद्यवादी हुनुहुँदोरहेछ भन्ने मलाई लागेको छ। सायद यसैले उहाँ कवितामा रोमान्टिकभन्दा बढी यथार्थवादी र दार्शनिक देखिनु भएको छ। कवितामा करुणा र अनुकम्पाको भाव नै सर्वत्र बगिरहेको आभास पाइन्छ। 'उपहासको पीडाले टेकेका ती डामहरू.....' (प्रवासमा नेपाली भएर बाँच्नुपर्दा भोग्नु परेका सङ्घर्षका ती विगतहरूले यस्ता कवितांशहरू उत्पन्न गर्छन्) चोखो रथमा ? ऊ त्यो सातवटा घोडाले तान्ने (हिन्दु दर्शनको अध्ययनले मिथकीय किम्वदन्तिलाई प्रयोग गर्ने स्वैर कल्पना)

'जन्म जन्मातरका सार्थी/राजकुमार
अदृश्य रथमा चढी
आउन थालेको मीठो अनुभव'

(विचारको संवाहकको रूपमा प्रकट भएको परिचित मिथक) जस्ता उत्कृष्ट अभिव्यक्तिहरूबाट उहाँमा रहेको प्रतिभा प्रस्ट हुन्छ। उहाँ 'लाचार सूर्य' मुनि 'मानिसको रूपमा अमानुष' भेट्नु हुन्छ। 'प्वाँख काटिएको सेतो परेवा' उडाउने युद्धपिपासुहरू भेट्नु हुन्छ। यसै सङ्कलनमा उहाँका केही गीतहरू पनि सङ्कलित छन्। ती वास्तवमा गेय कविताका उत्तम नमुनाहरू हुन्, तिनलाई गाउन सकिन्छ। मैले इतिहास बनिसकेको कवि कटुवालको उल्लेख गरेको थिएँ। उहाँ कवि कटुवालबाट बिछट्ट प्रभावित पनि हुनुहुन्छ, खास गरेर कटुवालको व्यक्तित्वबाट । त्यसैले 'कवि कटुवालप्रति' नामक कवितामा उहाँले कविको अमरताको गीत गाउनुभएको छ। नेपाली भएर आसाममा सन्त्रासभित्र बाँच्नु परेको पीडाका सहभागी कटुवाल र चन्द्रकला नेवार सदैव नेपालीप्रति अशेष माया राख्नेहरूमध्ये पर्नुहुन्छ। प्रवासी नेपालीहरूको आइडेन्टिटिको प्रश्न आज पनि एउटा अहम् प्रश्न हो।

अन्त्यमा अस्मिताको खोजीमा छटपटाइरहेका लाखौं नेपाली आवाजहरूको सार्थक प्रस्तुति चक्रव्यूह हो। जीवनका शाश्वत मूल्यहरू, विघटन, विचलन र विसङ्गतिको समेत तीव्र बोध कविताका प्राप्ति हुन पुगेका छन्। जीवनलाई विविध पक्षमा व्यक्त गर्ने, त्यसका बिडम्बनाहरूलाई नव-यथार्थको माध्यमद्वारा लिपिवद्ध गर्ने प्रशंसनीय स्वर कवयित्री चन्द्रकला नेवारका सहज उपलब्धि हुन्।

O

# चक्रव्यूह : यथार्थ जीवनको अनुभूति

– यादव भट्टराई

- चन्द्रकला नेवार लामो समयदेखि साहित्य र सङ्गीतमा निरन्तर लागिरहनु भएकी चर्चित साधिकाको नाउँ हो ।
- सन् १९४२ मार्च महिनामा पिता श्री भक्तबहादुर प्रधान र माता श्रीमती कुमारी प्रधानकी सुपुत्रीका रूपमा भारतको आसाममा जन्मेर पनि उहाँले साहित्य र सङ्गीतमा सदैव नेपाली माटो र नेपाली मुटुलाई स्पन्दित गर्नुभएको छ ।
- 'ममता' (कथासङ्ग्रह), 'चक्रव्यूह' (कवितासङ्ग्रह) 'साँघुरो धरातल' -कथासङ्ग्रह), 'याशिलालाई मेरो आज' (कवितासङ्ग्रह) र 'तृष्णाको लहरी' (गीतसङ्ग्रह) र 'चन्द्रकला नेवारका नेपाली गीतहरू' (गीति एल्बम) जस्ता कृतिहरूले नेपाली साहित्यलाई समृद्ध तुल्याउनु हुने उहाँ भारतस्थित अल इन्डिया रेडियोमा करिब दुई दशकसम्म रहेर गीत-सङ्गीतका क्षेत्रमा समेत आफूलाई प्रवृत्त गराउनु भएको देखिन्छ ।
- चन्द्रकला नेवार आसाममा रहँदा नेपाली भाषाआन्दोलनमा सक्रिय रही नेपाली तथा आसामी भाषामा विशेष योगदान गर्नुहुने सुप्रसिद्ध गायिकासमेत हुनुहुन्छ ।
- वर्तमानमा काठमाडौंको शङ्खमूलमा स्थायी बसोबास गर्नुहुने उहाँले मितेरी नेपाल, नारी साहित्य प्रतिष्ठान, वनिता प्रकाशन, गुञ्जन, वाणी प्रकाशन, सुनसरी साहित्य प्रतिष्ठानलगायतका साहित्यिक संस्थाहरूमा आवद्ध रही सक्रिय साहित्यिक जीवनयापन गरिरहनु भएको छ ।
- 'चक्रव्यूह' उहाँद्वारा रचना गरिएका ५६ वटा फुटकर कविताहरूको सँगालो हो । सँगालोमा केही गीतसमेत समाविष्ट छन् ।

- कविता सजीव अनुभवको लयात्मक वा साङ्गीतिक अभिव्यक्ति हो, अनुभूतिको बाह्य प्रकटीकरण हो र व्यक्तिगत विचार वा भावनात्मकतालाई सार्वजनिक गर्ने सहज माध्यम हो ।
- वि.सं. २०५० सालमा प्रकाशित 'चक्रव्यूह' कवितासङ्ग्रहको दोस्रो संस्करण प्रकाशनको सङ्घारमा हुनु खुसीको कुरा हो ।
- हरेक मानिस जीवनलाई आ-आफ्नै ढङ्गले अनुभव गरिरहेका हुन्छन् र तिनै अनुभवको सहज अभिव्यक्ति बन्छ – कविता ।
- कवयित्रीले अनुभूत गरेको जीवन–यथार्थलाई अत्यन्त सहजरूपमा काव्यात्मकता प्रदान गर्नुभएको छ ।
- वास्तविकताको धरातलमा जीवनको परिभाषा खोज्नुहुने उहाँले जीवनलाई कहीँ दु:खै-दु:खको पहाडका रूपमा उभ्याउनुभएको छ भने कहीँ सुख र दु:खको दोभान मान्दै त्यागमय भावनाले जीवनमा सन्तुष्टि प्राप्त हुने आशय व्यक्त गर्नुभएको छ ।
- आस्था, विश्वास, समर्पण र सहयोग नै मानव–जीवनको मूल ध्येय हुनुपर्छ भन्ने शाश्वत अभिव्यक्तिले अन्तत: जीवनलाई परिभाषित गरी अनन्तसम्म बाँचिरहने जुन मार्ग उहाँले अवलम्बन गर्नुभएको छ त्यो सबैका लागि अनुकरणीय देखिन्छ ।
- जीवन सङ्घर्षको अर्को नाउँ हो । सङ्घर्षदेखि नडराउनेहरू नै जिउँदो जिन्दगी जिउने गर्छन् । कविताहरूमा उहाँ लेख्नुहुन्छ ।

● "जीवनलाई व्यथा चाहिन्छ
नभए
जीवनको सारांश त्यसै मेटिन्छ ।"
(औँसीको जून)

● "जीवनलाई जितेर मृत्युले
मानवता जन्माउँछ भने
जावस् पैह्रो ।"
(अँध्यारो–उज्यालो)

● "सुख-दुःख पीर मर्का
धड्कनबीच राख न
थरिथरि आकाशभरि
जीवन-सङ्गीत लेख न"

(जीवनसङ्गीत)

➢ सङ्ग्रहका कविताहरूमा मानवजीवनको अस्तित्वको खोजी गरिएको छ। जीवनको गहिराइसम्म पुगेर आदर्श चेतनामार्फत् अभिव्यक्त गरिएका शब्दार्थले पाठकलाई कोमल स्पर्श गर्छन्।

➢ अग्रज स्रष्टाप्रतिको सम्मान, राष्ट्रियताप्रतिको तीव्र आकर्षण, मानवता, कर्तव्यबोध एवम् जीवनसङ्घर्ष कवयित्री चन्द्रकला नेवारका भावगत विशेषता हुन्।

➢ सङ्क्षिप्ततामा व्यापकता उहाँका कवितामा देखापरेको अभिव्यक्तिगत शिल्प हो।

➢ सार्थक मृत्युमा जीवन देख्ने उहाँका गीतहरूमा प्रेमको आग्रह, जीवनप्रतिको आशा र निराशा व्यक्त गरिएको छ।

➢ प्राकृतिक विम्बहरूको प्रयोग, स्पष्ट गद्य–कवितात्मक अभिव्यक्ति, सरल र सहज प्रस्तुतीकरण 'चक्रव्यूह' ले धारण गरेका वैशिष्ट्य हुन् भने जीवनका विविध झाँकीहरूको प्रस्तुति कवयित्रीको मूल ध्येय अनुभूत हुन्छ।

➢ बहुविद् व्यक्तित्व चन्द्रकला नेवारको स्थापित कलम नेपाली साहित्य–बाटिकामा अझ उर्वर बनेर साहित्यिक पुष्पहरू सिर्जना गर्न तत्पर बनिरहोस् – मेरो शुभकामना !

२०६३ असार २२
भैरहवा
(हाल – नयाँ बानेश्वर, काठमाडौँ)

○

# मेरो भनाइ

– चन्द्रकला नेवार

जीवनले भोगेका पीडाहरूमा 'म' मात्र होइन 'हामी' थियौं । सानोभन्दा सानो आवश्यकता पूरा गर्न ठूलोभन्दा ठूलो सङ्घर्ष गर्नुपर्दथ्यो । हुँदाहुँदै कहिलेकाहीं आफूभित्र विद्रोहको भावनाले हलचल मचाउँथ्यो । मनभरिका सपना केवल सपना हुन्थे । आफ्नो हक र अधिकारका निम्ति आन्दोलित मनमस्तिष्कलाई शान्त पार्न आत्मानुभूतिका उद्गारहरूले कविताको रूप लिने गर्दथे । कविताहरू सबै भारतका पृष्ठभूमिमा लेखिएका हुन् । गर्नुपर्ने धेरै थियो, तर केही पनि गर्न सकिएन । मनभित्र नअटाएका पीडाहरूलाई कागजका पानामा उतार्ने प्रयास गरिरहेकी छु ।

नेपाली भाषाको आन्दोलनमा जब-जब हाम्रो भाषा मागको प्रस्तावलाई भारत सरकारले अस्वीकार गर्दथ्यो, हामी अत्यन्त दुःखी हुन्थ्यौं । एकजनाले ( नाम नभनौं) 'यो भाषा समिति, आइमाई बाठा भएको संस्या हो' भनेर भन्नुभएको थियो । अवश्य त्यसबेला भाषा समितिमा महिला सहभागिता धेरै नै थियो । एक-दुई जना भाषा सङ्ग्रामी साथीहरू निराश हुनुभएको देखेर मैले यो कविता लेखेकी थिएँ-

'जीत शब्द स्वयं प्रख्यात छ, पछ्याएर के लाभ ?
हारेको हारले,
औंसीको रातमा जुनेली झार्छ
चेतनाहीन चित्त के चित्त ?
आँसुले ननुहाएको मुटु के मुटु ?
कतै स्वर छ र कतै गीत छ,
कतै पीर छ र कतै आँसु छ
कतै घाउ छ त्यसैले दुखाइ छ

जीवनलाई व्यथा चाहिन्छ
नभए, जीवनको सारांश
त्यसै मेटिन्छ ।

अन्त्यमा, ३६ वर्षको लामो सङ्घर्षपछि सन् १९९२ मा भाषाले भारतीय संविधानको अष्टम अनुसूचिमा मान्यता प्राप्त गऱ्यो । कसैले नलाई जीवनको सबैभन्दा सुखको वर्ष कुन हो भनी प्रश्न गऱ्यो भने मेरो उत्तर हुनेछ सन् १९९२ ।

'चक्रव्यूह'को प्रथम संस्करण छाप्दा मैले आफ्नो भनाइ राखेकी थिइनँ । पहिलो संस्करण एवं दोस्रो संस्करणमा आफ्नो अभिमत प्रदान गर्नुहुने स्रष्टा शैलेन्द्र साकारप्रति आभारी छु । त्यसरी नै यस संस्करणमा सङ्ग्रहभित्रका कवितामाथि आफ्ना गहकिला विचार राखिदिनुहुने यादव भट्टराईलाई विशेष धन्यवाद दिन चाहन्छु ।

प्रथम संस्करण वरिष्ठ कथाकार श्री परशु प्रधानज्यूले निजी प्रेस सृजनशील प्रकाशनमा छापेर मेरो हौसला बढाउनु भएकोमा उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

यो कवितासङ्ग्रह 'चक्रव्यूह' छाप्न ठूलो सहयोग पुऱ्याउनु हुने वनिताका सम्पादक लक्ष्मी उप्रेतीज्यूमा आभार व्यक्त गर्न चाहन्छु ।

O

# विषय-सूचि

| | | |
|---|---|---|
| १. | ऐना | १५ |
| २. | मन छ | १६ |
| ३. | अँध्यारो/उज्यालो | १८ |
| ४. | क्षति | २० |
| ५. | समर्पित विश्वास | २१ |
| ६. | घाम/जून र सपनाहरू | २२ |
| ७. | रमिता | २३ |
| ८. | अमानुष | २४ |
| ९. | मानिस | २५ |
| १०. | जिउँदो जिन्दगी | २६ |
| ११. | एउटा अभिव्यक्ति | २७ |
| १२. | उज्यालो बिहानी पोखिन्छ जब | २८ |
| १३. | एउटा कथा | ३० |
| १४. | खाँचो | ३१ |
| १५. | दृष्टिहीन | ३२ |
| १६. | वुभुक्षा | ३३ |
| १७. | पीडाको समाधि | ३४ |
| १८. | नियति | ३५ |
| १९. | प्रवेश | ३६ |
| २०. | जयन्ती | ३७ |
| २१. | यात्रा-हिक्का-अन्धकार | ३८ |
| २२. | चक्र | ३९ |
| २३. | अभयदान | ४० |
| २४. | प्रतिघात | ४१ |
| २५. | तातो घाम | ४२ |

| | | |
|---|---|---|
| २६. | विश्वासघात | ४४ |
| २७. | उसको छोरा भोकै छ | ४५ |
| २८. | युद्ध | ४६ |
| २९. | झरी | ४७ |
| ३०. | अन्तर्द्वन्द्व | ४८ |
| ३१. | आश्रय | ४९ |
| ३२. | केही चिन्तन | ५० |
| ३३. | टुक्रा | ५१ |
| ३४. | मेरो देश | ५२ |
| ३५. | कवि कटुवालप्रति | ५४ |
| ३६. | जीवन सडक | ५५ |
| ३७. | भूल | ५६ |
| ३८. | कस्तो प्रेम | ५७ |
| ३९. | वृत्त | ५८ |
| ४०. | जन्म फेरि एउटा भूतको | ५९ |
| ४१. | जीवनसङ्गीत | ६० |
| ४२. | करुणा | ६१ |
| ४३. | यन्त्रणा | ६२ |
| ४४. | सिपी होइनन् (कथा-कविता) | ६३ |
| ४५. | यात्रा (कथा-कविता) | ६४ |
| ४६. | निस्सासिए कहानीहरू | ६५ |
| ४७. | पुष्प | ६६ |
| ४८. | औंसीको जून | ६८ |
| ४९. | याचना उज्यालोको | ६९ |
| ५०. | मेरो अँगालोभित्र आऊ | ७१ |
| ५१. | चक्रव्यूह | ७३ |
| ५२. | अनुरोध | ७५ |
| ५३. | सृष्टि उसको वरदान | ७६ |

# ऐना

चेतना-
एउटा वेदना
छट्पटाउँछ / चुपचाप छट्पटाउँछ .........
निसासिन्छ अँध्यारो ओढारभित्र,
नैतिक निष्कर्षको एउटा किनारा खोज्दै ।
भावना–
एउटा कोलाहल / यन्त्रचालित मुटुको
मानसिक/भौतिक/ विश्लेषणको,
पछारिन्छ /उत्साह र उत्कण्ठा
सीमारेखा नाघ्दै
पिल्सिएर आत्मघाती बन्दै ।
जन्म, मृत्यु, विवाह-
एउटा प्रक्रिया/एउटा संयोग
यथार्थिक मूल्याङ्कन /उपलब्धिको
बस्,
एउटा निर्वाह, जीवनको ।
जीवन–
एउटा जिज्ञासा / एउटा शिशु
कलकलाउँदो शिशु
प्रकृतिको ।

○

# मन छ

त्यो अँध्यारो कोठा
माँसपेशलले बनेको
युगौं भ्कुण्डिएको त्यो तस्बिर
मृगतृष्णाको, उकासिदिने मन छ ।
त्यों बैठक खानाबाट,
त्यसै ठाउँमा
सष्टा, चेतना, साधना
निर्भयता र एकाग्रताको तस्बिर
भ्कुण्डयाइदिने मन छ ।
पसिनाको गन्धमात्र आउने
जीवन जीवनमा
गुलाब, गुनकेशरी, जूही र पारिजातको बासना पनि
छरिदिने मन छ ।

ती धमिला–धमिला आँखाहरूमा
नेत्र संजीवनी सूर्मा
छर्किदिने मन छ
चाहिँदो शब्दकोषको ढुकुटी
फोरिदिने मन छ
ती निंर्जीव आत्माहरूमा
एक प्रकारको .......
भूइँचालो नै मचाइदिने मन छ
समयको छातीमा

कहिल्यै नमेटिने गरी
इतिहास कोरिदिने मन छ ।
मलाई त साथी
कहाँ ..... कहाँ ..... कता.......कता
पुगिदिने मन छ
जलिदिने मन छ, तर
तेल सलेदो छँदा–छँदै

अन्धकारमा फ्याँकिएको
दियो म
मलाई जलाइदिने को ?

o

# अँध्यारो/उज्यालो

अँध्यारो र उज्यालाको भेटमै
मेटिँदैन तृष्णा हृदयको
तातो मुटुमा यदि
निर्भ्रान्त माया धड्कन्छ
दोष कसको ?

सङ्घर्षरत छालहरूको चोटले निष्क्रियप्राय:
मर्माहत किनार ..... ।

सक्रिय सास फेराइको
एउटा चोखो सपना
एउटा धोको मात्र ।
कहिल्यै नझुक्ने पनि
झुक्छ,
चुचुरा हिमालको
पग्लन्छ, भरिभराउ नदी अनि तिर्खाउँछ ।

तर,
खोई अस्तित्व ?
खोई अहं ?

खांई शृङ्खला ?
मैनवत्ती जल्दैछ..... गल्दैछ
पैतालामुनिको धरती-जहाँ
सधैंसधैं भूइँचालो जाँदैछ
सोहिदैन सपनाहरू भीरमा
पैह्रो जान थालेको छ
गन्तव्यको सिह्रानमा
जाओस् पैह्रो.....

जीवनलाई जितेर मृत्युले
मानवता जन्माउँछ भने
जाओस् पैह्रो ........ ।

o

# क्षति

सुनसानको बाहुपासमा आबद्ध
वातावरण -
जम्दै गएको साँझ/धिप्‌धिप्-धिप्‌धिप्‌ मैनबत्ती
कालो हिउँ/फेरि पग्लन्छ ।
केके अल्झिन्छ/केके डुब्छ
उही क्रम दोहोरिन्छ
विश्वास
अनुगामी बन्छ ।
सुनसानको पछ्यौरी
मौनताको चित्कारले
धुजाधुजा पार्छ
शब्दहीन विस्फोटले
कता हो कता पुऱ्याउँछ
थाहा नै हुँदैन ।
छाती चिरेर देखाउन सक्दी हूँ
भन्ने थिएँ,
हेर, विस्फोटले कस्तो क्षति पुऱ्याउँछ !

○

# समर्पित विश्वास

कति युग बित्यो
विश्वासको
कति पहाड चढैं
पीरको
कति चोटि लडैं
सोध्ने को ?
कति चोटि मरैं
काँध हाल्ने को ?
मानिससित मानिस
डराउँछन्
मानिसबीच मानिस
हराउँछन्
भीडैभीड छ
मानिसको
मानिसलाई यहाँ
सोध्ने को ?
उसले चढ्यो पहाड
सुनको
उसले तऱ्यो नदी
रूपको
छोपिदिएँ आँखा
हत्केलाले
उनिरहेँ माला
विश्वासको ।

○

# घाम/जून र सपनाहरू

चौरभरि पलाएका छन् दूबोहरू
हरिया कलिला मुनाहरू, सपनाहरू
दूरत्वले जन्माएको छ
एउटा कौमार्य/ लुकामारी खेल्छ
रङ्गी-विरङ्गी अविरमा रङ्गिएर
रूवाको रथमा चढेर
नीलिमाको छातीभरि ,
घाम/जूनको सपनाभरि, मुटुभरि
वेपर्वाहसित दगुर्छन्-
अन्तहीन दृष्टिहरू/क्षितिजको आँगनभरि ।

सम्मेलन हो यो
सम्मेलन हो यो/अनियन्त्रित भावनाहरूको
काकाकुललाई मात पार्ने
स्वादिला उद्गाहरूको ।

चिर परिचित पदचाप पैल्याउँछ
सामिप्य
मौनतालाई अस्वीकार गर्दै
नौलो/नौलो बन्दै
मेरो घामको/मेरो जूनको
लय, ताल, स्वर/माधुर्य
सम्पूर्ण जीवनको ।

○

# रमिता

सत्य भत्किरहेछ
असत्य मस्किरहेछ
कठपुतली धुनमा नाचिरहेछ ।

रंगमञ्च गमक्क गम्केको छ
दर्शकको घुइँचोले
नाचघर चम्केको छ
खचाखच छ ।

कलुषित मुस्कान छर्दो छ
नूनले मुछिएको शरीरमा पनि
जुकाजस्तै टाँसिदो छ ।

समयको कोर्राले
नाङ्गो पिठ्यूँमा प्रहार गऱ्यो त के भयो ?
पिठ्यूँ स्वतः
कछुवाको पिठ्यूँको बनिसकेको छ
आहा ............ !
हेर, यहाँ कस्तो रमिता लागेको छ !

# अमानुष

आकाश च्यात्तिन सक्छ
धुजाधुजा बनिँदै
बतास ....
बरालिन सक्छ उतप्त भई

जतातत‍ै
हरितिमामा डढेलो लाग्न सक्छ
निरीह शान्त/धरतीसमेत
निस्सासिने डर छ
दुर्वलताले, विभत्सता ल्याउन सक्छ
अमानुष !
तेरो एउटै दृष्टिले
मानवतालाई कुल्चन सक्छ ।

O

# मानिस

मानिसले मानिसलाई
चिन्न छोडेको छ
मित्रतामा
अविश्वास औ शङ्का उब्जेको छ ।

रिस र प्रतिशोधलाई
डिप्लोमेसीको रङ्गले
रङ्गाएको छ
स्वार्थलाई .....
माया र घनिष्टताले
छोपेको छ
मानिस मानिसदेखि
त्रस्त छ....... ।
त्यैपनि, मानिस
आफूलाई सच्चा रूपमा
प्रकट गर्दछ,
मलाई लाग्छ
संसार रङ्गमञ्चमा कुशलतापूर्वक
मानिसले अभिनय गर्न जान्दछ ।

o

## जिउँदो जिन्दगी

जिउँदो जिन्दगी जिउन मन छ
पहाड पखेरू चिर्दै
घनघोर जङ्गल पस्ने मन छ
वरू रूखपात वनेर उम्रने, सप्रने, उभिने
जिउँदो जिन्दगी जिउने ।

उन्मुक्त रात उन्मुक्त दिन
उन्मुक्त वतासँसित मितेरी लाउने
उन्मुक्त चराचुरुङ्गीको स्वरले हृदय पखाल्ने
जिउँदो जिन्दगी जिउने ।

सागरलाई धाउने
खोलाको निष्ठा, समर्पण र स्वर्गीय स्वरमा
चुर्लुम्म डुब्ने जिउँदो जिन्दगी जिउने ।

यहाँ पिञ्जराको सुगा वोल्छ
केके सुनाउँछ
कोही भन्छन् राग दरवारी
कोही भन्छन् राग केदार
मलाई लाग्छ, दिन रात
दिवा स्वप्नको भरमार ।

यहाँ जिन्दगी पोल्दछ
वरिपरि पिञ्जरा घुम्दछ
उफ् ! यो जिन्दगी के जिन्दगी ?
मलाई जिउँदो जिन्दगी जिउन मन छ ।

O

# एउटा अभिव्यक्ति

जिन्दगीको दौड वाजीमा
भार्गालिने खेलाडीहरू, प्रतिद्वन्द्वीहरू
धेरै अघि पुगिसकेपछि
थाहा पाउँछन्
धेरै पछि छोडिएछन्
मानव जातिको अस्तित्व र
मावनता ........
अफसोच ..... !
फर्केर हेर्ने समय कहाँ छ ?
अघि वढ्न पर्छ .... भन्ने
मात्र थाहा छ ।
युगौं अघि लेखिएका मन्त्रहरू
छातीभरिभरि कोरिएका
त्याग र वलिदानका रेखाहरू
वुद्ध, गान्धीजस्ता महात्माका वाणीहरू
धमिल्याउन
खिया लागिसकेका पूर्जासमेत
सेन्टेड इरेजर भई
मग्मगाउन थालिरहेछन्,
हद् र विश्वासको तगारो नाघ्न
हिट्लर र नेपोलियनको ढोका घच्घच्याउन
दगुरिरहेछन् .....
दगुरिरहेछन् जिन्दगीको दौडवाजीमा
भाग लिने खेलाडीहरू...... प्रतिद्वन्द्वीहरू ...... ।

○

# उज्यालो बिहानी पोखिन्छ जब

मनको अँध्यारो कोठाभित्र
कर्तव्यले लादिएको कसैलाई भान हुँदछ
आकाङ्क्षा र मोह गुटुमुटु पार्छ
श्रापित आत्म-यन्त्रणा
थाङ्ना थरालाई आस्था सम्भिन्छ ।
ढलिरहेछ.... ढलिरहेछ
वीरताको पर्खाल ढलिरहेछ
रोबर्ट र बुख्याँचा बन्दै
उभिने प्रयासको भ्रम बोकेर,

हाम्रा पसिनाको बोटबोटमा फलेको फल
हाम्रो होइन भनिसकेको छ
तिमीले मैले टेकेको धरतीसमेत
दलदल बनिसकेको छ
सायद त्यसैले होला
मनको अँध्यारो कोठाभित्र
कर्तव्यले लादिएको कसैलाई भान हुँदछ ।

केवल आफैसँग तल्लीन हुँदैमा
कर्तव्यको पूर्ति कदाचित हुँदैन,
कोर्राको प्रहार पिठ्यूँले सहला
विवेकले सहँदैन ।
वर्षौं लड्यौं युद्ध .....
वर्षौं लड्यौं युद्ध, बिस्कुन थापेर

चार सिमानामा लाशको
यस रोटीको लडाइँमा हामीले देख्यौं
वंशज मात्र नासिएको !
शोषणको कसीमा घोटिँदा–घोटिँदा
दापभित्रै खुकुरी भुत्ते भइसकेछ
मनको लहलहाउँदो त्यो पाखा
पर्खालमुनि थिचिएछ
उज्यालो नपाएर, सेप लागेर पहेँलिएछ
हा ..... ! दिउँसै रात परेछ !

लौन ढालौं-
लौन ढालौं यस निर्मम पर्खाललाई
निर्भयता र एकाग्रताको अस्त्रले
पोखियोस् जम्मै चोखो बिहानी
अस्तित्वबोधको आँगनभरि
उज्यालो छर्दै
मनको अँध्यारो कोठाभरि ।

o

# एउटा कथा

एउटा कथा
आमैले सुनाउनु भएको कथा
आमैलाई पनि
आमैकी आमैले सुनाउनु भएको कथा
आज,
दोबाटोमा उभिएर
सोधिरहेछ-
कता ....कता ...... कता ....... ?
अहा !
कस्तो अन्योलमा परे ती
नाति-पनाति
न यता
न उता ।

# खाँचो

खाँचो छ/युग सुहाउँदो अगुवाको
कर्मठ, निस्वार्थ सेवक र त्यागीहरूको
तिर्मिराइरहेछ.....
तिर्मिराईरहेछ अन्धकारमा अस्तित्व हाम्रो ।
हनुमानको पुच्छरमा
हनुमानले आगो लगाएन
स्वर्ण लङ्का रावणले जलायो
हनुमानले जलाएन ।
हिजोलाई सम्झँदै
भोलिको निम्ति
आज नै केही गर्नु छ,
कर्तव्य र अधिकार/बुझ्न बुझाउन
आशामय घामको झुल्का फिँजाउन
निराशामय बादल चिर्नु छ
निस्सासिएका मुटुहरूबीच
स-साना झ्याल/खोलिदिनु छ
अलिकति बतास छिर्ने गरी
अलिकति प्रकाश छिर्ने गरी
मानिसले मानिस झैं बाँच्न सक्ने गरी ।

○

# दृष्टिहीन

किन देख्तैनन् ती आँखाहरू
हाँसो उमार्ने खेतभरि
डढेलो लागेको,
दलित काँध
पसिनामा डुबेको,
सित्तैको चाकरीको_ .
लत लागिसकेको/किन देख्तैनन् ती आँखाहरू ?
किन देख्तैनन् ती आँखाहरू
आतुर आत्मा छटपटाएको
मुटुभित्र ढुकढुकाएको ऐना
नवरङ्गले सुसज्जित त्यो ऐना .....
झर्लम्मै फुटेको/किन देख्तैनन् ती आँखाहरू ?

परितृप्तिको सीमा रेखा नाघेजस्तो
निश्चल तलाउ मन....कस्तो
चल्दै नचलेको ...... ।
आत्मीयताको योजना
तयार पार्दापार्दै .....
वुद्ध वन्ने प्रयासमा
वुद्धू वनिसकेको ......
पक्कै पनि.....त्यो विवेक
पसिनामा डुबेको,
हो, पसिनामै डुबेको ।

○

# वुभुक्षा

थाहा छ
ढुङ्गा हो त्यैपनि पूजिन्छ
किनकि..
त्यसले धेरै सपना बोकेको हुन्छ ।
धेरैधेरै विपनाका सपनाहरू
मानिस पनि बोकी हिँड्छ
त्यसैले होला
कहिलेकाहीँ
धेरै सपनाका बीच, जब
एउटा विपना जन्मन्छ
नत भएर, सृष्टि नै फर्किदिन्छ
धेरै पछि सर्छ ।

वूढो रूखझैं
सुकिसकेका विश्वासहरू
आस्था बोकेर
वारम्वार दोहोरिन्छ,
ढुङ्गा ...........
मानिसभन्दा वलियो वन्छ ।

o

## पीडाको समाधि

सिमाना बाँधेर रुमलिन्छ पीरहरू
अँध्यारो कोठाभरि
ढ्याप् ढुप्प बन्द भइदिन्छन् झ्यालहरू
तैपनि-
उडाइदिन्छु मन आकाशभरि ।
हारजीत, हाँसोआँसुको सम्मेलन
यो जीवन
जीवनलाई जोगाउन
विषाक्त अभिव्यक्तिहरू पन्छाउन
यदि लक्ष्मणरेखा खिचिँदैन
अन्तहीन दृढताले नै साथ दिन्छ
विश्वासले विश्वास जोगाउँछ ।

रित्ता प्वालहरू आँखाका
नानी खोसिएका
ज्योतिले पुरिन्छ जब
निश्छल उज्यालो छर्छ
पीडा पखाल्छ
जीवनको भारले लादिएको पीडाको समाधि
शरीरले थाम्न सक्तैन त के भयो ?
विसाइदिन्छु अनन्तको काखभरि
उडाइदिन्छु मन आकाशभरि ।

○

# नियति

एउटा चेतना
ध्वनित - प्रतिध्वनित
एउटा प्रश्न
अव्यक्त, मर्माहत
एउटा अनुभूति
अनुत्तर, नीरव
एउटा मञ्च
सृजनात्मक ....... ।
नया छन्दले परिपूर्ण
अमृतमय, काव्यमय
अभिनय ?
अनस्तित्व
अस्तित्वतर्फ
मृत्यु
जीवनतर्फ
जीवनका कणकण
छरपस्ट
आज, शंश्लिष्ट ।
शेष,
मूक, असहज आत्मसन्तुष्टि
जीवनको अन्तिम नियति ।

o

# प्रवेश

ती दहहरू आँखाका
नूनिला हिउँ जमेका
निश्चल ......
नीरव ...... ।
त्यो जीवन .....
घात-प्रतिघातको आघातले त्रस्त
वाल्यकालको पोसिलो खुराक
ममताको अभावले ग्रस्त,
त्यो मन........
गुलाबको पत्रभन्दा पनि कोमल.....तर
पीर.... मर्का अव्यक्त वेदना
थाम्न सक्ने, दरिलो खाँबोजस्तो ।
बन्न कर लागेजस्तो ।
समस्त हाहाकार छोप्न सक्ने
वलजफ्ती रोक्न सक्ने दरिलो
एउटा बाँध
एउटा पर्खाल
ढल्छ/अनायासै ढल्छ पर्खाल
टुट्छ/अनायासै टुट्छ बाँध
हाहाकार स्वतन्त्र बन्छ
ममताको बाँध फोर्दै
मभित्र प्रवेश गर्छ ।

○

# जयन्ती

मौनताले मौनको जयन्ती मनाउँछ
आँसुले टल्टल् टल्कने
दाना वटुल्छ
विरहका धागोल तिनै
एक्लाएक दाना उन्दै जान्छ
कल्पनाको ठूलो तस्विरमा
धूप-दीप र माल्यार्पण हुन्छ ।

वुभुक्षाको उद्बोधन गीतले
जयन्ती सुरु हुन्छ ।
मौनताको ओँठमा
व्यथाको मीठो हाँसो अल्भिन्छ,

सम्झना गद्गद् हुँदै उदास
सुरक्षित बन्छ
स्वप्नको वक्तव्यमा
सुधा वर्षिन्छ ।

इन्छा पावन हुन्छ
प्रतीक्षा समर्पण
सुस्केराले धन्यवाद ज्ञापन गर्छ
मौनताले यसरी
जयन्ती मनाउने गर्छ ।

○

# यात्रा-हिक्का-अन्धकार

निश्चल छातीमा
सृष्टि गर्छ सागरले
एउटा समस्या..........
ज्वार-भाटाको रूपमा
स्पष्टिन्छन् अभिव्यक्तिहरू
विस्फोटको उपक्रममा
अधुरो कविता वनेर ..........
छचल्किन्छ आँखाका दहहरूमा
अनन्त..........
जरा हालेर ।
एकसर्को चेतनाको चिसो प्रवाहले
स्पर्श गर्छ चिन्तन..........
पर्खालभित्र निस्सासिएको आवाज
डगमगाउँछ आदर्शका तराजु चढेर

छर्लङ्गिन्छ जीवनको नाङ्गो रूप
फुङ्ग उडिसकेको विश्वासभित्र
अस्तित्वको छातीमा ।

वाफिला अँध्यारो क्षितिजमा हराउँछन्
भावनामा आश्रित
आस्थाका भव्य महलहरू
जहाँ कहिल्यै पुग्दैन
लाचार सूर्यका विवश किरणहरू ..........

○

# चक्र

जन्मभूमि, प्यारो भूमि
एउटा संसार
एउटा सागर
पछ्यारिँदै
दगुर्दै
डुब्दै
पौडँदै
पुग्नु छ वहाँ
दिन ढल्नुअघि
रात पर्नुअघि
साँचि-साँचि
हाम्रो हामी ।
सूर्य उदाउँछ
सूर्य अस्ताउँछ
सूर्य अस्ताउँछ ..........
सूर्य उदाउँछ
मृगतृष्णा हुन् ती
पीडाको निष्कर्ष त्यति हो
जिउँदो एउटा अस्तित्वअघि ।

○

# अभयदान

चहराउन थाले
मुटुका पुराना घाउहरू
प्रस्टिए
निर्मम लात्तीका ती डामहरू,
छट्पटाउन थाले
विवश छातीले रोएका
ती रातहरू ......... ती दिनहरू .......... ।
निस्सासिए
अस्तव्यस्त आँसुका कथाहरू
दृष्टिगोचर हुन थाले
बाटाघाटाहरू
पग्लन थाले भावना
छताछुल्ल बग्न थाले
हिउँ बनेका मस्तिष्कहरू,
ऐना बन्दै गयो
त्रासले उभ्याएको
बलियो पर्खाल कङ्क्रिटको
छर्लङ्ग प्रस्टिए
आँसुमा डुबेका तीनै काल
भूत, भविष्यत् र वर्तमान
धन्य हो.....
धन्य हो तिमी र तिम्रो अभयदान ।

○

# प्रतिघात

वन्द ढोकाहरू घच्घचिन्छन्
शव्दहरू विलाउँछन्,
अप्रतिद्वन्द्वी मृत्युको अँध्यारो काखमा
उघारिने एउटा प्रयासमा ।

शिरीषका फूलहरू छट्पटाउँछन्
लावारिस उडेर
जिउँदा लाशहरूमा पोखिएर ।
आमा ! तिमी बाँझो वन
नजन्माऊ नजन्माऊ अब
दाल-भातको पेट मात्र
हराउन आँट्यो
प्रतिक्रियाशून्य लाचार भीडमा
हाम्रो मूलधन ।
धमिलिँ गए
प्रस्टिइसकेका बाटाघाटा,
गान्धीका तीन बाँदर बनिसके
यी अन्धा, बहिरा र लाटा
अभिनयमा रामचन्द्र
सिद्धान्तमा मन्थरा
कस्तो धर्म सङ्कटमा पऱ्यो
आघात-आघातले जन्माएको
नियन्त्रणभित्रको
यो प्रतिघात ।

# तातो घाम

चट्टान फोर्दै
मुटु.........मुटुलाई जोड्दै
जुर्मुराएका पाइलाहरू नरोक
नरोक बाटाभरि ओछ्याएर निषेधहरू ......... ।

वर्षौंपछि कसैले
रमाएर आफ्नो गीत गाएको छ,
पहिलो पल्ट आज
सृष्टिको स्वर
घरबाहिर निस्केको छ ।

युगौं अपहृत स्वर
मुटुभरि गुञ्जेको छ ।

नचलाऊ ती कोपिला
चिचिलामै वैंशले सिमाना नाघेको छ,
तन्नेरी पाको बनिसकेको छ ।

भ्रम तोड्दै
टुटेका सपनाहरू जोड्दै,
प्रत्येक दिन र रातलाई .........
आत्महत्याबाट रोक्दै,

टल्टल् टल्कँदो वर्तमानको
तेजिलो धारमा
नाङ्गो पाइला उभिनु परेको छ ।

तातो घाम टिपेर
अँध्यारो कोठाभित्र ल्याउनु परेको छ ।

नरोक-..........
नरोक जुर्मुराएका पाइलाहरू
नरोक..........
नरोक- बाटोभरि ओछ्याएर निषेधहरू ।

# विश्वासघात

पसिनाले धरती सिँच्नु परेको बेला,
हिम्मत र बलिया काँध चाहिएको बेला,
जाँगर र सीपलाई
त्यागले सजाउनु परेको बेला
के थाहा .........
फेरि दोहोरिनेछ यहाँ
उही पुरानो
साधु बिरालाको कथा,
कस्तो ..........कस्तो ..........
भाडामा दगुर्ने गाडीजस्तो,
मानिसको रूपमा
अमानुष ।
ए मानिस !
विश्वासघातको विष
कसरी पिउन सकिस् ?

# उसको छोरा भोकै छ

ऊ भोकै थियो
र पनि हाँसेकै थियो
न्यानो घाम ताप्न लगाएर
अरूलाई ..........
छातीभरि तातो गोली थापेको थियो ।
उसको भोकाएको छोराको
अनुहार भने
उसको आँखाभरि नाचेको थियो
थर्केका ओँठहरू केही भनिरहेथे-
"यसपालिको दशैँमा
नयाँ नाना ल्याइदिउँला
चिची-चिउरा, दही-केरा
सँगै वसी खाउँला
मायासित माया जोरी
मनको वह पोखूँला
यसपालिको दशैँमा
नयाँ नाना ल्याइदिउँला ।"
भूइँचालो नै गएजस्तो
चऱ्याकचुरुक् चऱ्याकचुरुक
चिहान उसको हल्लियो
वाचा-वन्धन भूटा भए
समाचार कसले पुऱ्याइदिने ?
उसकी माया रूनेछ !
उसको छोरो भोकै छ !

○

# युद्ध

म निडर छु
अशान्त छु
तिमीले जन्माएका गर्वहरूमा
दलित असहाय आत्माहरूमा
म जन्मन्छु ।

आत्माआत्मालाई
युद्धक्षेत्र बनाउँछु,
तिम्रो घाम निल्छु
तिम्रो जून निल्छु
तिमो आकाश उजिल्याउने
सपना देखाउँछु ।

रगतमा शुद्ध
आँसुमा तृप्त
मृत्युमा जीवन
शान्तिमा प्रलोभन ।

सपनामा सपना थप्दै जान्छु
प्वाँख काटिएको
सेतो परेवा उडाउँछु
तिमीलाई थाहै हुँदैन- त्यसबेला
म भने बौलाइसकेको हुन्छु ।

○

# झरी

वर्षाको झरी
भो अब वर्सनु पर्दैन
तँमा त्यति सामर्थ्य नै छैन
एकोहोरो वर्षने वानी तेरो
कति स्वार्थी न तँमा माया छ
न ममता
न प्रेम,
यी नयनयुगललाई हेर
छैन प्रतीक्षा ऋतुको यहाँ
डबडबाउँदा कोषहरू
आँखाका यी दहहरू
अनि
यी धारा गङ्गा-यमुना
मेरो जीवन, मेरो प्रेरणा
कति फरक छ..........
तँ वर्षनु र
म वर्षनुमा !

O

# अर्न्तद्वन्द्व

मभित्रको मानवताले
मलाई दिँदैन
आत्मसम्मानको घाँटी निमोठ्न
सङ्कीर्णताको त्यस
मानव जन्तुअघि ।
यसघरि -
प्रत्येक धोखा
प्रेरणा बनेको छ
प्रत्येक हार
जीतसम्म पुग्ने
पुल बनेको छ
तर...........
जन्तुले आघात गरेका घाउहरूमा
मलमपट्टीले
केही असर गर्न सकेको छैन ।

o

# आश्रय

कहिलेकाहीँ खित्का छोडी हाँसी दिन्छु
क्रन्दनहरू छोपिन्छ कि भन्ने आशले ।

अनुहारभरि मौनताको मखुण्डो लगाइदिन्छु
हल्लिएको हृदय छोपिन्छ कि भन्ने आशले
मभरि नै जब
हलचल मच्चिदिन्छ
अँ त्यसबेला-
त्यो शान्त स्निग्ध अनुहारले
मेरा दुबै
आँखाका प्वालहरू टालिदिन्छु ।
यो विशृङ्खल धुकधुकीले त्यो
शृङ्खलाबद्ध धुकधुकी
नियाल्न थाल्छ जब
मैले जिउने आश्वासन पाउँछु ।
कहिलेकाहीँ खित्का छोडी हाँसिदिन्छु
क्रन्दनहरू छोपिन्छ कि भन्ने आशले ...........।

o

# केही चिन्तन

माया बन्धकी राखिदैन
म्याद पूरा भएपछि फर्काएर लैजान ।

तुँवालोले छोप्दैमा घाम छैन भन्नू
सूनको जलपले छोपेको शीशालाई
सुन सम्झनु चेतनाले चेत हराउनु हो ।

पवित्रताको हिमाललाई कुल्चनु
मानवताको शिखरबाट झर्नु हो ।

भोक तृप्तिमा अनुभूत हुनु
सिनोमा स्याल–गिद्ध झम्टनु हो ।

ममताको वैभवलाई नचिन्नु
आमाको दूधको स्वाद बिर्सनु हो ।

○

# टुक्रा

शीतको एउटा थोपा
पुष्पको एउटा पत्रमा निदाएछ
विहानको झुल्का परेछ, पत्रमै गलेछ
धरातलमा खस्न नपाई
लीन त्यहीँ भएछ ।

कट्लेट् र चिकनकरीमा रोईरोई बाँच्नुभन्दा
सिन्की र गुन्द्रुकमा हाँसीहाँसी मर्नु बेस ।

साहित्यिक छुचो बन्दोरहेछ
राजनीति कपटी हुँदोरहेछ
निःस्वार्थ सौरभ फिँजाउने फूल
ओइली त्यसै झर्दोरहेछ ।

जीनव/अमृत सरोबर
जलक्रीडामा मस्त/दुई कमल
आत्माआत्मा मिल्दै, मृत्युञ्जयी हुँदै
परमात्मा वनिसकेको डर किन गर्थ्यो
विष घोल्ने मानिसको ।

ईश्वर कति सिपालु
अतृप्त आत्माहरूको सिचाइ गरेर
मानिसको सृजना गरिदिन्छन्
अदृश्य अनलका भुत्भुतेले
भाग्यरेखा कोरिदिन्छन् ।

o

# मेरो देश

यो मेरो देशको माटोले
यो मेरो शरीर बनेको
यो मेरो देशको हावामा
जीवनले श्वाश फेरेको,
कसरी भुल्ने छ कसैले
चन्दनको वासना चलेको
माटोमा चन्दन, हावामा चन्दन
श्रद्धाले शिरमा चढाएको ।

सुनको धर्ती, चाँदीको नदी
टल्केको हेर, लेक र बेसी,
यहीँ छन् घाम, यही छन् जून
ए मेरी आमा संसारमा राम्री ।

उज्यालो गरिमाले हामी
देश उज्यालो पार्छौं
पसिनाले सिँचेर देश
ओँठमा हाँसो उमार्छौं ।

थोपाथोपा रगतका थोपा
अर्पित आमा तिमीलाई,
यो कस्तो कलङ्क विदेशीको,

लाग्यो नि तिम्रो सन्तानलाई ।
पुस्तौ वित्यो सिमानामा
लाशको बिस्कुन थापेर
रक्षा तिम्रो गर्छौं आमा
वंश हाम्रो नासेर ।

भाषा, धर्म, संस्कृति सबको
जनमको अधिकार
जबसम्म सास, गर्छौं प्रयास
गर्नुछ सपना साकार ।

प्रतिज्ञावद्ध आज हामी
एकताको मञ्चमा
अस्तित्व रक्षा हाम्रो धर्म
गर्दै जाऊँ सङ्ग्राम ।

स्वार्थको बादल हट्नेछ एकदिन
पोखिन्छ उज्यालो घाम
छाउने छ शान्ति, देशभरि
रमाउँछन् भावी सन्तान ।

○

# क़वि कट्टुवालप्रति

तिमीलाई थाहा छैन ?
असहाय अव्यक्त वेदनाप्रति
सान्त्वनाहरू,
हृदयभरिको मानवता
सिर्जनात्मक चिन्तनहरू
तिमी भरिभरि छचल्किरहेछ
तिमीमा के छ थाहा छैन ?
मोतीको खेत छ,
लहलह मोतीका बाला झुलिहरेका छन्
बतासँसित क्रीडा गर्दै
चन्द्रको कोमल किरणमा नुहाउँदै
सूर्यको प्रखरतासित लुकामारी खेल्दै
तिम्रो लेखनीसित गरेको प्रेम ?
प्रेमालाप सुनेका छैनौ ?
सुन त........... क़ान थापेर सुन
नियालेर हेर तिम्रो दर्पणअघि
एकखेप उभिऊ,
तिमीले छुँदै झरेका फूलका वृन्तहरूमा
नयाँ कोपिला लाग्नेछन्
ती निष्प्राण मूर्तिहरूमा
सजीवता आउने छ
चमचम चम्कँदो मोतीका दानाहरू
तिम्रो गलाको हार बन्नेछ
त्यही प्रकाशहरूले तिमीलाई अमर पार्नेछ ।

○

# जीवन सडक

यथार्थले गिज्याउँछ
भावनाले नङ्ग्राउँछ
चेतनाले सम्झाउँछ
कर्मले दगुराउँछ
रङ्गीन सपनाको
अथाह सागरमा पौडन्छ ....यो
मानव तन्तु...........
आशा-अभिलाषा ।

कहिले हारैहार
कहिले जीतैजीत
कहिले पीर मर्का आँसु
कहिले हाँसो ...........अनि हाँसो ...........
गन्दै जाँदा कुन साँचो कुन झुटो ........... ?
यात्री अल्मलिन्छ
त्यैपनि दगुर्छ
जीवन सडकबीच..........
दगुर्छ.......... केवल दगुर्छ ।

o

# भूल

मैले थाहै नपाई
मेरो भावुकताले
अलिकति कृत्रिमता मागेछ
अरूले झैं..........
हाँस्न मन लागेका बेला
मेरो कल्पनाले
अलिकति साँचो
सपना मागेछ
मेरो बिपना रोएका बेला..........
भूल भइहालेछ..........
भूल भइहालेछ यहीँ नै
चन्द्रग्रहणको च्यापबाट उम्केको रश्मिलाई
उज्यालो मागेका बेला
जो स्वयम् कलंङ्कित छ
दूषित छ
फेरि पनि भूल नै भएछ
भो चाहिएन
लङ्गडो कृत्रिमताको आड मलाई
जसको
एउटा खुट्टो नै छोटो छ
मुखले बोल्दैन त के भयो ?
हिँड्दै चाल पाइन्छ ।

○

# कस्तो प्रेम

यो प्रेम कस्तो प्रेम ?
कुनै प्रकारको बनावटमा
नबनिने,
कुनै प्रकारको सजावटमा
नसजिने,
कृत्रिमताको कुनै रङ्गले नै
नरङ्गिने ...........
यो प्रेम कस्तो प्रेम ?
आत्मिक अनुभूतिमा
प्रकृतिले बिउ छर्दा
टुसाउने ...........पलाउने ...........कोपिल्याउने
अनि...........कसैको
मनमन्दिरमा गई
फक्रिदिने ...........
यो प्रेम कस्तो प्रेम ?

o

# वृत्त

दिशा हराएझैं...........
यात्राहरू
व्यथाहरू- जिन्दगी प्रवाहहरू
जर्जरित यी...........
शिरा-. प्रतिशिरा
पञ्चतन्त्र...........
दगुरिरहेछ अन्धाधुन्ध........... ?
क्षितिजमा सौन्दर्य पाएझैं
हाँसोमा आँसु रमाएझैं
खित्कालाई मुस्कानले साँचेझैं
प्राप्तिलाई प्राप्यले बाँधेझैं
बाँधिन्छ यहाँ
रात र दिन
न तोडिन्छ वृत्त
न हल हुन्छ प्रश्न चिह्न ........... ।

O

## जन्म फेरि एउटा भूतको

विहानको अबोध माधुर्य
मध्याह्नको अधीर सौन्दर्य
साँझको तीतोपीरो
अनुभव
भुइँचालो बन्दछ
ज्वारभाटाको सृष्टि गर्दछ ।

कल्पनाको आवेग
भावनामा पोखिन्छ,
चेतना..........
अनुभवमा गाभिन्छ,
घात-प्रतिघातको गर्भमा
आत्मविश्वास जन्मन्छ :
आकाङ्क्षा दरिलो बन्छ
विपनाको झोलुङ्गामा
मच्चिमच्चि झुल्छ
आफ्नो इतिहासको पाना पल्टाउँदै
जीवनले कोल्टे फेर्छ
वर्तमानको काखमा...........
फेरि एउटा भूत जन्मन्छ ।

O

# जीवनसङ्गीत

आकाशभरि लेखिदेऊ
ताराहरूका अक्षरले
माया केवल मायाले
सारा आकाश भरिदेऊ ।

धर्ती कति प्यारो छ
नीलाम्बरलाई सोध न
प्रीत र मीत कस्तो हुन्छ
चखेवीलाई सोध न ।

उषाको स्वप्न कस्तो हुन्छ
अन्धकारलाई सोध न
साथ कसैको कस्तो हुन्छ
जीवनसाथीलाई सोध न ।

शीतको विन्दु कस्तो हुन्छ
तप्त पातलाई सोध न
हृदयमा तप्त माया कसैको
कस्तो हुन्छ बुझ न ।

सुखदुःख पीर मर्का
धड्कनबीच राख न
थरिथरि आकाशभरि
जीवनसङ्गीत लेख न ।

o

# करुणा

बर्सोस् करुणा प्रभु ! ममा
शान्त स्निग्ध धारामा
झरोस् आँसु नयन-युगलका
निर्झर झर्नाझैँ अनुहारमा ।
        बर्सोस् स्नेह स्वच्छ शीतल
        बनेर आधार, निराधारको
        पखालियोस् जम्मै चाहना–तृष्णा
        असीम अनन्त सब मनको ।

मानसपटलमा उदाइरहूँन्
स्निग्ध उज्ज्वल त्यो मुहार
मर्माहत यो हृदयमा पनि
ओइरिन्छ हजारौँ वसन्त बहार ।
        शिशिर रुने नीरव वनमा
        वसन्त हाँसेको म देख्छु
        न्याउली रुने सुनसान वनमा
        कोइलीको मधुर गीत सुन्छु ।
छैन प्रतीक्षा जूनेली रातको
पिलपिले तारा नै देखाउँछ बाटो
लाग्दैन डर भयङ्कर रातको
त्यसमै त छ, वासना रजनीगन्धाको ।
        स्वप्नील शीतल सरोवरझैँ
        टम्म भरियोस् आँसु गहमा
        अम्बर छायाँमा धर्ती बाँचेझैँ
        किन नबाँचू प्रभु ! तिम्रो छायाँमा ।

○

# यन्त्रणा

वामे सर्दै थिएँ
मेरा शुभचिन्तकहरू उभिदिए
निर्धक्क भइदिएँ ।
उभिन खोजेँ
'होइन बाबु लडिन्छ' भने
त्यसको अर्थ
मैले बुझिनँ
दगुर्न खोजेँ
फेरि पनि भूल नै भयो रे ...........
मेरो बाटो हिलोमा मुछियो
काँचो माटोले लथ्पथ् भयो
त्यैपनि -
हिउँद बितेछ क्यारे, वर्षा पो लागेछ
भनिदिएँ- त्यसै ...........
भनिँन
कसैको सानो चित्त घोप्टिएको थियो
सङ्कीर्णता हिलोमा मुछिएको थियो
कोमल अनुभूतिको छातीमा
विवशताले कुल्चेको थियो
कसलाई थाहा
यो हाँसोमा कति पीर लुकेको थियो ।

○

# सिपी होइनन् (कथा-कविता)

सीमाबद्ध रेखाभित्र छताछुल्ल पोखिएकी
छु। खडेरी लागेको छ। संवेदना अघि
सर्छ । मेरो छातीभरि सिपी तर लागेको छ।

दुबै हत्केला अँजुली बन्छन्,
म भने शुष्क खडेरीमा चुसिँदैछु। उसले
अँजुलीभरि सिपी बटुल्छ। खुशीले
रमाउँछ। म भन्छु ती सिपी होइनन्।
ऊ भन्छ हुन्। म भन्छु होइनन्।
ऊ भन्छ हुन्।

भर्खरै समयसित बाँहु जोरेर मीत
लाएकी छु। कसैले सोधे भनिदिन भनेकी छु।
साँझपख बतास सुसाएको बेला
सुस्केराको बेगले झारेका, ती पहेँलिएका
पात हुन् सिपी होइनन्।

○

# यात्रा (कथा-कविता)

नीलिमाको छातीमा स्वर्णिम आभाको विस्तार
भयो। धरातलमा एक्कासी सुनको बाढी
आयो। सुनमा चुर्लम्म डुब्यो धरातल।
रूख-पात, बाटा-घाटा,
पहाड-मैदान, नदी-नाला सबैको अस्तित्व
खोसियो। आफू सुन बनेको भ्रम बोकेर
सबै.......... सबै सुनौला बने। म निस्सासिन
थालें।
उन्मुक्त, शुद्ध बतास-यो
छातीको खुराक मलाई चाहियो।
अघाउन्जेल आफ्नो खुराक
पिउन अठोट गऱ्यो यो छातीले
तर..........बतास पनि त गन्हाउँछ
सुनैसुन।
मनको डुङ्गा बाढीको भेलमा
बग्न थाल्यो। डुङ्गाभरि बतास विशुद्धीको
आत्मा ओछ्याएँ। पालैपिलो नुहायौं
विवेक र म। श्वासप्रश्वासमा केही
सहजत्ता आयो। आफूले उमारेको आफ्नै
भेलमा डुङ्गा बग्न थाल्यो।

○

# निस्सासिए कहानीहरू

दिन र रातका पाइला गन्दा गन्दा
थाकिसक्यो धुकधुकी
मृगतृष्णाका पछि दगुर्दादगुर्दा
रित्तिइसक्यो जिन्दगी ।

बतासिदै, उजेलिने ...........
मुस्कानका बुँदाहरू
फूलबुट्टे सपनाहरू, सान्त्वनाहरू,
समवेदना अमूल्य रत्नहरू ...........
एउटा असीम सपना ........... ।
अट्न सकेन छियाछिया परेको मुटुमा

रम्न सकेन असहज आस्थाहरूमा ।
जीवनसङ्गीतले स्वर भर्न सकेन
स्वरलिपि दोहोरिन्छ बारम्बार
आदि अन्त ठम्याउन सक्तैन
समाधिस्थ हुँदै गए विश्वासहरू
सन्तापमा डुबे, निस्सासिए कहानीहरू ।

○

# पुष्प

रूख पातका छहारीमा
कलिला भरिला
स्वस्थ कोपिला
फक्रिसकेका ...

त्यस्तै एउटो कोपिलो
प्रस्फुटित यौवनको
अस्तव्यस्त आशा -अभिलाषाहरूमा लथ्पथ्
नयाँ रङ्ग/ नयाँ रूप
नयाँ जीवनको/मधुर कल्पनामा
आत्मविभोर ।

जन्म जन्मान्तरका साथी/राजकुमार
अदृश्य रथमा चढी
आउन थालेको/एउटा मीठो अनुभव

ऊ सधैँ आउँछ
कानमा केही भन्छ
ओत प्रोत अन्तरका
उष्ण भावना
चिट्चिट् पसिना बनिदिन्छ/उसको सर्वाङ्गमा
उसले आफ्नो/शीतल स्नेह–प्रवाहले
सारा शरीर पुछिदिन्छ ।

वाह ! कति शीतल ...... कति मधुर ....!
सुम्पिदिन्छे/मन्दमन्द प्रवाहमा प्रभावित हुँदै
उसको छातीभरि.... उसको मुटुभरि ।
यसैबीच
विभिन्न रङमा/रङ्गिन्छन्
ऋतुहरू ।

समयले काँचुली फेर्छ,
पत्रहरूको रङ्ग धमिलिदै जान्छ
चाउरी पर्छ
नीरस बन्छ ।
किन यस्तो ?
मूक आवाज गुञ्जिन्छ
'माथि हेर'
हो ............ ।
मुटुमा च्वास्स बिझ्दछ/ऊ त
वृन्तच्यूत एउटा पुष्प पो
अस्तगामी झिल्काहरूले डामिसकेको ।

O

# औँसीको जून

जीत शब्द स्वयम् प्रख्यात छ
पछ्याएर के लाभ ?
हारेको हारले
औँसीको रातमा
जूनेली झार्छ ।

चेतनाहीन चित्त
के चित्त ?
आँसुले ननुहाएको मुटु
के मुटु ?

कतै स्वर छ/ र कतै गीत छ
कतै पीर छ/ र कतै आँसु छ
कतै घाउ छ/ त्यसैले दुखाइ छ ।

हो,
जीवनलाई व्यथा चाहिन्छ,
नभए
जीनवको सारांश त्यसै मेटिन्छ ।

o

# याचना उज्यालोको

क्लिष्टता
अँध्यारो सुरुङ्ग
एउटा यात्रा
याचक बनेर उभियो
एकमुठी उज्यालोको याचनामा

सुरुङ्गभरि घाम लाग्यो
विश्वासको लाम लाग्यो
खेल्न थाले/ आस्थाका छालहरूसित

मुस्कानका बहुमूल्य सिपीहरू
ममताको अँगालोभरि
गहिराइको मर्म थामेर

सपनाको बिस्कुन थापेर
एउटा यात्रा सुरु भयो
आँखाभरि/मुटुभरि/मायाभरि ।

एक्कासी आँधी चल्यो
बालुवाको आँधी- सुरुङ्गभरि .....
चोइटिए, सपनाहरू
खण्ड विखण्ड भएर टुक्रिए
गगनचुम्बी आस्थाका स्तम्भहरू ।

आत्माका अभिलेखमा लेखिए
अवकाशका क्षणहरूमा पिरोल्ने कथाहरू
वृन्त च्यूत गुलाबको
बन्धकी मायाहरूको
साँगुरा समवेदनाहरूको

रहर कहाँ थियो र यहाँ .....?
रहर कहिले थियो र यहाँ .....
नयाँ ... नयाँ .... अनुहारको ..... ?
यहाँ त याचना थियो / केवल याचना
एकमुठी उज्यालोको ।

## मेरो अँगालोभित्र आऊ

भक्कानो बनेर चहार्छ
मेरा मनका सङ्कल्पहरू
तिम्रा अधिकारका कान्ला .... कान्ला .... ।
तिम्रो आकाशको अन्तरिक्षमा अनर्गल
आँखाहरू दगुर्छन्
देख्तिन कतै तिम्रा उडानहरू

सक्तिन सहन-
सक्तिन सहन पुर्खाको पुरुषार्थ
दन्त्यकथा बनिदिने प्रयासहरू ;
रेटिदैछन् आराका तीखा धारहरूमा
अस्थिपञ्जरका आस्था -
यो मेरुदण्ड र करङहरू ।

रोकिँदैन आँसुको मुहान
फैलावटको सीमा - रेखा नाघ्नुअघि
त्यसैल त भन्छु-
ए मेरा दुधे बालकहरू ।
आऊ .......
मेरो अँगालोभित्र आऊ
सुम्सुम्याउँछु- स्नेहले

सङ्गीनले घोँचेका ती आला घाउहरू
मभित्र जन्मेको एउटा
सिङ्गो सूर्यको रापले मेटिदिन्छु
उपहासका पीडाले टेकेका ती डामहरू ..... ।
तिमी मेरो पेटभित्र चल्मलाएको दिन
तिम्रो सृष्टिको सूत्रपात भएको दिन
मृत्युको भयावह कोलाहल
पचाइसकेको छु
तिमी नडराऊ–
आऊ .... मेरो अँगालोभित्र आऊ ।

O

# चक्रव्यूह

चेतनादेखि पर उम्लिन्छन्
रापहीन सूर्यको नक्कली छाप बोकेर
फगत् सलबलाउँछन्/अन्धकार
अबोध हाँसो/अनुहारभरि पोतेर.....

हेर ओइलिसके ......
ओइलिसके जीवनका फाँटहरूमा पलाएका
हरिया कलिला मुनाहरू
शताब्दी शताब्दीभरि पलाएका
शताब्दी शताब्दी भएर बाँचेका
कस्तो अचम्म
शताब्दी शताब्दीसम्म मौलाउनै नपाएका ।

रङ्ग–विरङ्गी सपनाहरू जम्मै
आँखाका नानीहरूमा नानी बने,
आँखा आँखाले केवल
प्रतिबिम्ब साट्न थाले
रचिसके चक्रव्यूह !
कहालियो विद्रोह
सलबलाउन थाले
आवरणभित्रका खण्डहर
हिक्का फेर्दै रुन थाल्यो

अस्तित्व !
अस्तिले हिजोलाई
हिजोले आजलाई चढाएको
एउटा अँध्यारो विपना
छट्पटाउन थाल्यो ।

भोलिको काँडालु काखमा
जीवनका प्रत्येक पाइलाहरू गाडिए
यथास्थानमा ।

○

# अनुरोध

भन कहाँ राखूँ ?
यी शीतल आँखाहरूमा ?

होइन त्यहाँ आँसु छ
अथाह सागर छ
पौडन असमर्थ छु ।

ऊ त्यो सातवटा घोडाले तान्ने
चोखो रथमा ?
होइन त्यहाँ ज्वाला छ
म खरानी बन्छु ।

त्यसो भए त्यो शीतल जूनको कोमल छायाँमा
अहँ-
त्यहाँ त झन् कलङ्क छ ।

त्यसो भए आऊ
यो न्यानो छातीमा /न्यानो ठाउँ बनाइदिन्छु
उफ् !
त्यहाँ पीर छन् / अधुरो गीत छ,
खित्का छोडेर हाँस्ने को ?
मेरी सानी छोरी / तीन वर्षकी ।
वरु एकैपल्ट/त्यो हाँसो हाँस्न देऊ न
त्यो खित्कामा मलाई राखिदेऊ न ।

○

# सृष्टि उसको वरदान

जीवन तृष्णा
एउटा अधुरो सपना
एउटा तपस्या
आस्तिक र नास्तिकका बीच
एउटा त्रिशङ्कु

कहाँ कहाँ
कता कता
पुग्न चाहने/ एउटा प्रयास ।

घामबिनाको फोस्रो एउटा दिन
जूनबिनाको कालो एउटा रात
अस्थिपञ्जरभित्र आहत
एउटा चेतना....
जीवन तृष्णा
एउटा अधुरो सपना ।

उतार–चढाउ / सामुद्रिक छालहरूसित
एउटा सन्धि
हो
सन्धिले ल्याउँछ / एउटा सपना
सहन सक्ने / एउटा विपना

जीवन तृष्णा–
एउटा अधुरो सपना ।

एक मुठी धुलो/मानवताको,
धैर्यको विशाल वक्षभरि -
छरपस्ट हुन्छन् जब
स्वतः इन्द्रेणीको पुल थपिन्छ,
पूर्णताले सजिलैसित
ओहोर-दोहोर गर्न सक्ने
आस्था बाँधिन्छ,
प्रश्नैप्रश्नको/एउटा रहस्य मानव
स्रष्टा बन्दछ-
सृष्टि उसको वरदान ।

O

जीवन तृष्णा–
एउटा अधुरो सपना ।

एक मुठी धुलो/मानवताको,
धैर्यको विशाल वक्षभरि -
छरपस्ट हुन्छन् जब
स्वतः इन्द्रेणीको पुल थपिन्छ,
पूर्णताले सजिलैसित
ओहोर-दोहोर गर्न सक्ने
आस्था बाँधिन्छ,
प्रश्नैप्रश्नको/एउटा रहस्य मानव
स्रष्टा बन्दछ-
सृष्टि उसको वरदान ।

O



**चन्द्रकला नेवार**

जन्म : सन् १९४२, आसाम डिकबोइ

आमा : कुमारी प्रधान

वुवा : भक्तबहादुर प्रधान

श्रीमान : डा.डि.वि.श्रेष्ठ

हालको ठेगाना : काठमाडौं, बानेश्वर:-४७८३८५०

**प्रकाशित कृतिहरू** ममता-कथासङ्ग्रह (पहिलो सं २०२२ -दोस्रो सं.-२०६१)

: चन्द्रकला नेवारका नेपाली गीतहरू (गीति एल्बम सन्-१९८८)

: चक्रव्यूह- कवितासङ्ग्रह (पहिलो सं. २०५०- दोस्रो सं.२०६२)

: साँघुरो धरातल -कथासङ्ग्रह-२०६२

: तृष्णाको लहरी- गीतसङ्ग्रह -२०६२

: याशिलालाई मेरो आज - कवितासङ्ग्रह - २०६२

तथा विभिन्न पत्रपत्रिकामा रचनाहरू प्रकाशित

**संलग्नता** : अध्यक्ष- मितेरी नेपाल

: अध्यक्ष विश्व नेपाली गोर्खा सेवा केन्द्र (महिला विभाग)

: उपाध्यक्ष- गुञ्जन

: आजीवन सदस्य- नारी साहित्य प्रतिष्ठान

: आजीवन सदस्य- वनिता त्रैमासिक

: आजीवन सदस्य- साहित्यिक पत्रकार संघ

: आजीवन सदस्य- वाणी प्रकाशन,

: आजीवन सदस्य- भानु

: आजीवन सदस्य-सुनसरी साहित्य प्रतिष्ठान

**पुरस्कार/मानसम्मान** : अखिल भारतीय नेपाली भाषा समिति असम राज्य शाखाद्वारा-अभिनन्दन

: असम प्रगतिशील साहित्य कला संगमद्वारा- सम्मान

: अखिल भारतीय लघुकथा प्रतियोगितामा - प्रथम १९६३

: लोकप्रिया पुरस्कार -२०५७

: नवरंग साहित्य सम्मान-२०६०

: असहाय मिलन केन्द्रद्वारा-विशेष सम्मान २०६२

**भ्रमण** : इङ्ग्ल्याण्ड , स्विडेन .

ISBN 99946-712-5-1

9 799994 671259

वनिता